**NMB wins “Green Deal of the Year” award at ABF Corporate and Investment Banking Award 2021**

NMB bank has added to its list of accolades by winning the “Green Deal of the Year” award from Asian Banking and Finance magazine based in Singapore under the Corporate and Investment Banking Awards category for 2021. The bank has been recognized as the champion of Green Financing in Nepal for its pioneering debt deal with International Finance Corporation (IFC) under which the bank will provide credit facilities to projects that qualify as Green Deals under the IFC eligibility criteria. The award demonstrates the Bank’s commitment towards Sustainable Banking and continued support towards climate friendly projects and entrepreneurial activities.

NMB Bank is a committee member of Partnership for Carbon Accounting Financials while having been a member bank of Global Alliance for Banking on Values (GABV) since 2013. The bank is currently scaling up its digital service delivery capabilities rapidly to reduce the environmental impact of paper-based banking while facilitating access to existing customers. “NMB Bank has been at the forefront of making Green Investments and we believe in making sustainable investments such that they create a balance between the environment and economic activities.” said Sunil KC, CEO of NMB Bank.

NMB Bank has been serving through a network of 181 branches throughout the country and is currently expanding its physical branch network to increase market access and outreach. The Bank has been awarded with “The Bank of the Year – Nepal” in the years 2017, 2018 & 2020 by The Financial Times, London.

**एनएमबि बैंक एशियन बैंकिङ्ग एण्ड फाईनान्स ‘ग्रीन डिल अफ द इयर २०२१’को उपाधीबाट सम्मानित**

एनएमबि बैंक सिङ्गापुरको एशियन बैंकिङ्ग एण्ड फाईनान्स पत्रिकाले पुरष्कृत गर्ने कर्पोरेट एण्ड ईन्भेष्टमेण्ट बैंकिङ्ग अवार्ड श्रेणी अन्तर्गत ग्रीन डिल अफ द इयर २०२१’को उपाधिले सम्मानित भएको छ । अन्तर्राष्ट्रिय वित्त निगम (IFC) संग नेपालमा हरित कर्जा प्रवाहको क्षेत्रमा गरेको सम्झौताको आधारमा एनएमबि बैंकलाई एशियन बैंकिङ्ग एण्ड फाईनान्स पत्रिकाले नेपालकै दिगो बैंकिङ्गको क्षेत्रमा अग्रणी बैंकको रुपमा सम्मान गरेको छ । अन्तर्राष्ट्रिय वित्त निगम (IFC) संग सम्झौता अन्तर्गत एनएमबि बैंकले IFC द्वारा निर्देशित योग्यताको मापदण्डमा रहेको हरित योजनाहरुमा कर्जा प्रवाह गर्दछ । एनएमबि बैंकले ग्रीन डिल अन्तर्गतको अवार्ड दिगो बैंकिङ्ग र जलवायूमैत्री परियोजना र उद्यमशील गतिविधिहरु प्रति निरन्तर प्रतिबद्धता प्रस्तुत गरे बापत प्राप्त गरेको हो ।

एनएमबि बैंक हाल कार्वन अकाउन्टिङ्ग फाईनान्सियलको समितिको एक सक्रिय सदस्य रहेको र २०१३ देखी ग्लोबल अलायन्स फर बैंकिङ्ग अन भ्यालुजको सदस्यता प्राप्त वाणिज्य बैंक मध्येको एक मात्र बैंक रहेको छ ।

बैंक डिजिटल सेवा प्रवाहलाई प्राथमिकता सहित कागजको प्रयोगलाई न्युनिकरण गर्दै सो बाट पर्ने पर्यावरणीय प्रभावलाई घटाउनको लागी अग्रसर रहेको छ । ‘‘एनएमबि बैंक वातावरण मैत्री लगानी र दिगो व्यापारिक सेवामा अग्रसर रहेको र यो सम्मानले बैंकलाई यस क्षेत्रमा अगाडी बढन थप प्रोत्साहन मिल्नेमा विश्वस्त छौं ।’’ एनएमबि बैंकका प्रमुख कार्यकारी अधिकृत सुनिल केसीले जानकारी दिनु भयो ।

बैंकले देशभरीका १८१ शाखाहरु, १३७ एटिएमहरु, ९ एक्सटेन्सन काउन्टरहरु मार्फत उच्चस्तरीय सेवा प्रदान गदै आइरहेको छ । बैंक चारबर्षमा तीन पटक २०१७, २०१८ र २०२० मा बैंक अफ द इयरले सम्मानित भैसककेको छ ।